कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# होटल फरेष्ट इन लिमिटेड
# Hotel Forest Inn Limited

रजिष्टर्ड कार्यालय : बूढानीलकण्ठ नगरपालिका-१, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४४४०७०६
इमेलः hotelforestinn11@gmail.com वेभसाइटः www.hotelforestinn.com.np

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

होटल फरेष्ट इन लिमिटेडले आफ्नो जारी पूँजी रु.२,००,००,००,०००/- को २०% अर्थात रु.४०,००,००,०००/- रकम बराबरको प्रति शेयर कित्ता अंकित मूल्य रु.१००/- दरको ४०,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ४,००,००० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि **आज मिति २०८२ माघ ०४ गते आइतबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | दरखास्त दिन पाउने अधिकतम कित्ता : २,००,००० |
|---|---|

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

| सि.नं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौ, नेपाल, वेबसाइटः www.nicasiacapital.com |
| २. | होटल फरेष्ट इन लिमिटेड, बूढानिलकण्ठ-१, काठमाण्डौ, वेबसाइटः www.hotelforestinn.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइटः www.sebon.gov.np बाट हेर्न सकिनेछ । |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो सेयर**" अनलाइन प्रयोग गरि सि-आस्बा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि**

| | | |
|---|---|---|
| निष्काशन खुल्ला हुने मिति | : | २०८२/१०/०४ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : | २०८२/१०/०८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म । |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : | २०८२/१०/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म । |

**संक्षिप्त वित्तीय विवरणः**

| विवरण | वास्तविक (लेखापरीक्षण भएको) | | | प्रक्षेपित (लेखापरीक्षकबाट प्रमाणित) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० (Restated) | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| पूर्नमूल्यांकन बिनाको प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | ९३.३९ | ९०.६५ | ९४.३२ | ९८.४१ | १०२.८४ |
| पूर्नमूल्यांकन सहितको प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | १४७.६७ | १२५.२६ | १२२.०० | १२६.१० | १३०.५२ |
| प्रति शेयर आम्दानी रु. | १.४९ | (१.६९) | (१६.८६) | १.८० | ४.०९ | ४.४३ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | (५०,२४८.४९) | (६७,४४५.७९) | (२३९,४३४.१९) | (२०३,४७६.०४) | (१२१,६३४.५९) | (३३,१०१.२२) |

***नोटः*** *कम्पनीको नेटवर्थ सम्बन्धी विवरण लेखापरिक्षकबाट प्रमाणित भएको ।*

**आयोजनाको कुल लागत विवरण :**

**होटल फरेष्ट इन लिमिटेडको आयोजना सम्पन्न गर्दा लागेको कुल लागत : रु.३,४८,२१,१५,५२८/-**

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :**

| | | |
|---|---|---|
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) | : | १५.३३ वर्ष । |
| साधारण लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) | : | १०.८६ वर्ष । |

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., बानेश्वर, काठमाण्डौबाट रेटिङ्ग गराई "IRN-BB-(Is)" "[Double B Minus (Issuer)" प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाउँदछ । इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA देखि IRN D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ भने IRN D ले कमजोर आधार जनाउंछ । रेटिङ्गको संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विस्तृत विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ट) पाना नं. ५० मा उल्लेख गरिएको छ ।**

**रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०४/१४** **बहाल रहने अवधि मितिः २०८३/०४/१३**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ पौष २४ गतेको "नागरिक"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.hotelforestinn.com.np अथवा निष्काशन तथा बिक्री प्रवन्धकको वेभसाइट Website: www.nicasiacapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

लगानीकर्तालि धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com